# सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी

आर्थिक प्रशासन शाखा

**राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APFBDG1/SQ/G/01/079/080**

सूचना प्रकाशित मिति २०७९।१२।२६ गते ।

१. आ.व. २०७९/०८० मा यस सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकलीको लागि आवश्यक भएका कन्सर्टिना वायर, बारबेड वायर (दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम) सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. दरभाउपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी यस कार्यालयमा बोलपत्र दस्तुर वापत रु. १,०००।- (फिर्ता नहुने गरी) बुझाई मिति २०८०/०१/१० गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र साथ को.ले.नि.का, इनरुवा सुनसरीको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय इनरुवा, स्थित धरौटी खाता नं. २२२०१००१०२०३००००, यस कार्यालयको कोड नं. ३५१८०५१८०१ मा रु.५०,०००।- (अक्षेरुपी पचास हजार मात्र) दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधि (४५ दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात ७५ दिन हुनु पर्नेछ ।

४. मिति २०८०/०१/११ गते १२:०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरि सक्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरु मिति २०८०/०१/११ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाता वा निजहरुको वारेश प्रतिनिधिहरु एवं खोलुवा समितिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ ।

७. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन –२०६३, सार्वजनिक खरिद नियमावली – २०६४ (संसोधन सहित) बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

८. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन नं. ०२५–४२१०५३ मा सम्पर्क गर्न सकिने छ । साथै यो सुचना सशस्त्र प्रहरी बल, नेपालको website:www.apf.gov.np मा पनि हेर्न सकिनेछ ।